# जिल्ला समन्वय समितिको कार्यालय
# धुन्चे, रसुवा
# स्थानीय तहले निर्माण गरेका कानुनहरू सम्बन्धमा तयार पारिएको अनुगमन प्रतिवेदन
# (आमाछोदिङ्मो गाउँपालिका)

## परिच्छेदः १
## परिचय

### १.१ पृष्ठभूमिः

कानुन निर्माण कार्यसम्पादन गर्ने पहिलो खुड्किलो हो। यसले कार्यलाई दिशावोध गर्दछ। कामको खाँका एवम् स्वरुप यसैबाट निर्माण हुने हुँदा कानुन विना कामको परिकल्पना गर्न सकिदैन। कानुनले कामलाई मर्यादित र व्यवस्थित बनाउँदछ। निश्चित दायित्त्व र सीमाभित्र रहेर कार्यसम्पादन गर्नुपर्ने हुँदा यसले व्यवहार र आचरणलाईसमेत नियमित गर्दछ। कानुनको पालना विना कामसम्पन्न गर्न कठीन हुन्छ।

मौजुदा नेपालको संविधानमा तीनै तहका सरकारले कानुन निर्माण गर्न सक्ने व्यवस्था छ। त्यसमा पनि स्थानीय तह जनताको सबैभन्दा नजिक रहेको निकाय भएकाले कानुन निर्माण एवम् कार्यान्वयनमा यसको भूमिका बढी महत्त्वपूर्ण हुन्छ। यही व्यहोरालाई मनन गरी नेपालको संविधानको भाग १८ र भाग १९ मा स्थानीय तहको कार्यपालिका र व्यवस्थापिका एवं न्यायिक समितिसम्बन्धी व्यवस्था गरेको छ। त्यस्तै, नेपालको संविधानको अनुसूची ५ देखि अनुसुची ९ सम्म संघ, प्रदेश र स्थानीयतहका एकल अधिकार सूची र साझा अधिकार सूचीको समेत व्यवस्था गरएको छ। सोही आधारमा तीनैतहले आ-आफ्नो क्षेत्रका लागि कानुन निर्माण गर्न सक्दछन्। स्थानीय तहको एकल अधिकार सूची अन्तर्गत २२ वटा विषयहरू सूचीकृत छन्। यिनै विषयसम्बन्धमा स्थानीय तहले कानुन बनाउने व्यवस्था रहेको देखिन्छ। स्थानीय तहको कानुन बनाउने अधिकार गाउँसभा र नगरसभामा निहीत छ।

### १.२ प्रयोजनः

प्रस्तुत अनुगमन कार्य गर्नुको मुख्य उद्देश्य देहायबमोजिम रहेको छः

- जिससको वार्षिक कार्यक्रममा रहेको यो काम सम्पन्न गर्ने।
- स्थानीय तहमा कानुन निर्माणका क्रममा रहेका असल अभ्यासहरूको बारेमा जानकारी लिनेदिने।
- स्थानीय तहले निर्माण गरेका कानुनहरूको सङ्ग्रह गरी समितिको सूचना केन्द्रमा राख्ने ।
- स्थानीय तहले निर्माण गरेका कानुनहरूको सफ्ट कपी समितिको वेवसाइटमा राख्ने।
- कानुन निर्माणमा देखिएका चुनौति र समस्याहरूको बारेमा साधारण जानकारी लिने।
- स्थानीय तहले निर्माण गरेका राजपत्रहरु सङ्कलन गरी पुस्तकका रुपमा Binding गर्ने र जिल्ला समन्वय समितिको पुस्तकालयमा संरक्षण गरी राख्ने।

## १.३ विधिः

यो अनुगमन कार्य स्थलगत रुपमा सम्बन्धित पालिकामा गई सम्पन्न गरिएको छ। सम्बन्धित पालिकामा देहायबमोजिमका विधिहरू अवलम्बन गरिएको छः

- समितिको कार्यालयबाट अनुगमन टोली खटाई आवश्यक सूचना एवम् कानुनहरू सङ्कलन गर्ने
- स्थानीय तहसँग छलफल तथा अन्तरक्रिया गर्ने
- जिल्ला समन्वय समितिका सदस्यहरूलाई समेत टोलीमा समावेश गराउने
- अनुकरणीय अभ्यासहरू बारे एकअर्को तहलाई जानकारी गराउने
- संघीय तहका असल अभ्यासहरूबारे जानकारी गराउने

## १.४ प्रक्रियाः

रसुवा एक हिमाली जिल्ला हो। यसको आधाभन्दा केही बढी भूभाग गोसाइकुण्ड गाउँपालिकाले ओगटेको छ। सबैका आवश्यकता एवम् समस्याहरू फरक तरिकाले विश्लेषण गर्नुपर्ने अवस्था देखिन्छ। कानुन निर्माण एवम् कार्यान्वयमा पनि यही विषयलाई मनन गर्नुपर्दछ। अनुगमन एवम् तथ्याङ्क सङ्कलनको प्रक्रियामा यसको प्रभाव रहन्छ।

- रसुवा जिल्लामा रहेका देहायका पाँचओटा गाउपालिकाहरूमा राजपत्राङ्कित कर्मचारीको नेतृत्वमा टोली खटाउने र प्रतिवेदन पेश गर्न लगाउने
    - उत्तरगया गाउँपालिका, लहरेपौवा
    - कालिका गाउँपालिका, धैबुङ
    - गोसाइकुण्ड गाउँपालिका, स्याफ्रुबेशी
    - नौकुण्ड गाउँपालिका, सरमथली
    - आमाछोदिङ्मो गाउँपालिका, गोल्जुङबेशी
- हरेक पालिकामा टोली खटाई प्रतिवेदन लिने।
- पाँचैओटा पालिकाबाट प्रतिवेदन पेश भएपश्चात् एकीकृत प्रतिवेदन तयार गर्ने।

## १.५ सीमाः

प्रतिवेदनलाई सकेसम्म यथार्थ परक बनाउन खोजिएको छ। यद्यपि, देहायका सीमाहरू विद्यमान देखिन्छन :

- सीमित स्रोत साधन, समय र जनशक्ति।
- सैद्धान्तिक एवं व्यवहारिक पक्षबाट विश्लेषण नगरिएको
- स्थानीय तहले दिने सूचनामा केन्द्रित रहेको
- रसुवा जिल्लाका स्थानीय तह ५ वटाभित्रमात्र अनुगमन पश्चात प्रतिवेदन तयार पारिएकाले अन्य तहसँग पूर्ण रुपमा मिल्न नसक्ने।

# परिच्छेदः २

## स्थलगत अध्ययन र तथ्याङ्क सङ्कलन

### २.१ आमाछोदिङ्मो गाउँपालिकाले निर्माण गरेका कानुनहरू (सालवसाली रुपमा प्रस्तुत हुने आर्थिक ऐन र सो संग सम्बन्धित कानुनहरु बाहेक)

- ✓ जम्मा सङ्ख्याः ५७ ओटा
  - ऐनः ६ ओटा
  - नियमः ६ ओटा
  - निर्देशिकाः ३ ओटा
  - कार्यविधिः ३८ ओटा
  - आचारसंहिताः १ ओटा
  - मापदण्डः ३ ओटा

### २.२ आमाछोदिङ्मो गाउँपालिकाले निर्माण गरेका कानुनहरूको नामावली

**क. स्थानीय राजपत्रमा प्रकाशित कानुनहरु**

| क.सं. | नाम | किसिम | प्रकाशन मिति |
|---|---|---|---|
| १ | विपद व्यवस्थापन तथा आर्थिक सहायतासम्बन्धी ऐन, २०७५ | ऐन | ०३/२०/२०८१ |
| २ | आमाछोदिङ्मो गा.पा. सहकारी ऐन, २०७६ | ऐन | ०३/२०/२०८१ |
| ३ | आमाछोदिङ्मो गाउँपालिका को कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०८१ | ऐन | ०३/२०/२०८१ |
| ४ | आमाछोदिङ्मो गाउँपालिका शिक्षा ऐन, २०८१ | ऐन | ०३/२०/२०८१ |
| ५ | आमाछोदिङ्मो गाउँपालिका संघ संस्था दर्ता तथा नियमनसम्बन्धी ऐन, २०८१ | ऐन | ०३/२०/२०८१ |
| ६ | स्थानीय तहमा वातावरण तथा प्राकृतिक श्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२ | ऐन | |
| ७ | गाउँ कार्यपालिका कार्य विभाजन नियमावली, २०७४ | नियमावली | ०३/२०/२०८१ |
| ८ | पार्वतीकुण्ड गाउँ कार्यपालिका कार्यसम्पादन नियमावली, २०७४ | नियमावली | ०३/२०/२०८१ |
| ९ | पार्वतीकुण्ड गाउँपालिकाको निर्णय वा आदेश वा अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ | नियमावली | ०३/२०/२०८१ |
| १० | आमाछोदिङ्मो गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८० | नियमावली | ०३/२०/२०८१ |
| ११ | कर्मचारी आचारसंहितासम्बन्धी नियमावली, २०८१ | नियमावली | ०३/२०/२०८१ |
| १२ | आमाछोदिङ्मो गाउँपालिका कार्यविभाजन नियमावली, २०७४ (पहिलो संशोधान, २०८१) | नियमावली | ०३/२०/२०८१ |
| १३ | ,आमाछोदिङ्मो गाउँपालिका उर्जा विकाससम्बन्धी निर्देशिका,२०७९ | निर्देशिका | ०३/२०/२०८१ |
| १४ | आमाछोदिङ्मो गाउँपालिका को कार्यसञ्चालन निर्देशिका, २०८० | निर्देशिका | ०३/२०/२०८१ |
| १५ | स्थानीय बजार अनुगमन निर्देशिका,२०८१ | निर्देशिका | ०३/२०/२०८१ |
| १६ | आमाछोदिङ्मो गाउँपालिका शिक्षा अन्तरिम कार्यविधि, २०७५ | कार्यविधि | ०३/२०/२०८१ |
| १७ | खानेपानी मुहान दर्ता कार्यविधि,२०७७ | कार्यविधि | ०३/२०/२०८१ |
| १८ | आमाछोदिङ्मो गाउँपालिका मर्मत सम्भार विशेष कोष सञ्चालनसम्बन्धी कार्यविधि, २०७५ | कार्यविधी | ०३/२०/२०८१ |

| क्र.सं. | नाम | किसिम | प्रकाशन मिति |
|---|---|---|---|
| १९ | 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्रसम्बन्धी कार्यविधि, २०७५ | कार्यविधि | ०३/२०/२०८१ |
| २० | गाउँपालिकाको पुर्वाधार व्यवस्थापनसम्बन्धी कार्यविधि, २०७६ | कार्यविधि | ०३/२०/२०८१ |
| २१ | स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ | कार्यविधि | ०३/२०/२०८१ |
| २२ | आमाछोदिङ्मो गाउँपालिका को राहत वितरण सम्बन्धी कार्यविधि, २०७६ | कार्यविधि | ०३/२०/२०८१ |
| २३ | आमाछोदिङ्मो गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने 'सम्बन्धी कार्यविधि, २०७६ | कार्यविधि | ०३/२०/२०८१ |
| २४ | उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापनसम्बन्धी कार्यविध, २०७६ | कार्यविधि | ०३/२०/२०८१ |
| २५ | यान्त्रिक उपकरण सञ्चालनसम्बन्धी कार्यविधि,२०७६ | कार्यविधि | ०३/२०/२०८१ |
| २६ | आमाछोदिङ्मो गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशनसम्बन्धी कार्यविधि, २०७७ | कार्यविधि | ०३/२०/२०८१ |
| २७ | आपङगता भएका व्यक्तिको परिचय पत्र वितरण सम्बन्धी कार्यविधि,२०७७ | कार्यविधि | ०३/२०/२०८१ |
| २८ | वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कार्यविधि, २०७७ | कार्यविधि | ०३/२०/२०८१ |
| २९ | आमाछोदिङ्मो गाउँपालिका जलस्रोत उपयोग कार्यविधि, २०७७ | कार्यविधि | ०३/२०/२०८१ |
| ३० | कृषक समूह गठन तथा कृषि अनुदान व्यवस्थापन कार्यविधि, २०७७ | कार्यविधि | ०३/२०/२०८१ |
| ३१ | गाउँपलिकाको नदीजन्य पदार्थको अमानतबाट कर संकलन गर्ने सम्बन्धी कार्यविधि, २०८० | कार्यविधि | ०३/२०/२०८१ |
| ३२ | स्थानीय स्वास्थ्य बीमा संयोजन समिति गठन तथा सञ्चालनसम्बन्धी कार्यविधि, २०८० | कार्यविधि | ०३/२०/२०८१ |
| ३३ | न्यायिक समिति सञ्चालन कार्यविधि, २०८० | कार्यविधि | ०३/२०/२०८१ |
| ३४ | आमाछोदिङ्मो गाउँपालिका मेलमिलाप केन्द्र सञ्चालनसम्बन्धी कार्यविधि, २०८० | कार्यविधि | ०३/२०/२०८१ |
| ३५ | विषयगत समिति कार्यसञ्चालन कार्यविधि, २०८० | कार्यविधि | ०३/२०/२०८१ |
| ३६ | कबाडी सङ्कलन तथा कर व्यवस्थापन कार्यविधि, २०८० | कार्यविधि | ०३/२०/२०८१ |
| ३७ | गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा करार शिक्षक तथा कर्मचारी नियुक्ती सम्बन्धि कार्यविधि, २०७९ | कार्यविधि | ०३/२०/२०८१ |
| ३८ | जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि, २०८० | कार्यविधि | ०३/२०/२०८१ |
| ३९ | आमाछोदिङ्मो गाउँपालिकाको मेलमिलाप केन्द्र सञ्चालनसम्बन्धी कार्यविधि, २०८० | कार्यविधि | ०३/२०/२०८१ |
| ४० | आमाछोदिङ्मो गाउँपालिकाको सहकारी संस्था अनुगमन मूल्याङ्कन तथा नियमन कार्यविधि, २०८१ | कार्यविधि | ०३/२०/२०८१ |
| ४१ | यान्त्रिक उपकरण सञ्चालनसम्बन्धी कार्यविधि, २०८१ | कार्यविधि | ०३/२०/२०८१ |
| ४२ | टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०८१ | कार्यविधि | ०३/२०/२०८१ |
| ४३ | राजपत्र प्रकाशनसम्बन्धी कार्याविधि, २०८१ | कार्याविधि | ०३/२०/२०८१ |
| ४४ | आमाछोदिङ्मो गाउँपालिकाको कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधी, २०८१ | कार्यविधी | ०५/०६/२०८१ |
| ४५ | आधारभुत अस्पताल सञ्चालन कार्यविधी, २०८१ | कार्यविधी | ०८/२८/२०८१ |
| ४६ | कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधी, २०८१ | कार्यविधी | ०८/२८/२०८१ |
| ४७ | स्थानीय सेवाको कर्मचारीको तह वृद्धि/बढुवासम्बन्धी कार्यविधि, २०८१ | कार्यविधि | ०९/०४/२०८१ |
| ४८ | गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गिकरण मापदण्ड तथा आधारसम्बन्धी कार्यविधी, २०८१ | कार्यविधी | ०९/०४/२०८१ |

| क्र.सं. | नाम | किसिम | प्रकाशन मिति |
|---|---|---|---|
| ४९ | शैक्षिक छात्रवृति वितरण कार्यविधि, २०८१ | कार्यविधि | १२/२७/२०८१ |
| ५० | बालक्लब गठन तथा सञ्चालनसम्बन्धी कार्यविधि, २०८१ | कार्यविधि | १२/२७/२०८१ |
| ५१ | आधारभूत तह उत्तीर्ण परीक्षा सञ्चालनसम्बन्धी कार्यविधि, २०८१ | कार्यविधि | १२/२७/२०८१ |
| ५२ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ | कार्यविधि | १२/२७/२०८१ |
| ५३ | एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८१ | कार्यविधि | १२/२७/२०८१ |
| ५४ | पार्वतीकुण्ड गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४ | आचारसंहिता | ०३/२०/२०८१ |
| ५५ | भवन तथा योजना मापदण्ड, २०७५ | मापदण्ड | ०३/२०/२०८१ |
| ५६ | आमाछोदिङ्मो गाउँपालिकाको कालो सूचीसम्बन्धी मापदण्ड, २०८१ | मापदण्ड | ०३/२०/२०८१ |
| ५७ | सार्वजनिक सेवाको मापदण्ड, २०८१ | मापदण्ड | ०९/०४/२०८१ |

## २.३ सुधार गर्नुपर्ने विषय क्षेत्र

१. कानुन निर्माणका नया क्षेत्र पहिचान गर्न अध्ययन अनुसन्धान गर्ने।

२. कार्यन्वयनमा रहेका कानुनहरु वेवपेजमा User Friendly हुने गरी राख्न पेजको redesign गर्ने।

३. संघीय र प्रदेश तहले स्थानीय तहका लागि थप नमुना कानुनहरु बनाई लागु गराउने व्यवस्था गर्ने

४. कानुन निर्माणका प्रचलित नियमहरु अनिवार्य रुपमा पालना हुनुपर्ने।

५. कानुन निर्माणमा proactive approach अपनाउने।

६. स्थानीय तहमा कानुन सेवाको कर्मचारीको व्यवस्था गर्ने।

७. स्थानीय तहमा कानुन निर्माण विधि र पद्धतिमा एकरुपता ल्याउनुपर्ने।

## परिच्छेदः ३


## सम्बन्धित कागजातहरू

- ✓ अनुगमन तथा सूचना सङ्कलनका लागि टोलीलाई खटाइएको पत्र
- ✓ सम्बन्धित पालिकाले उपलव्ध गराएका राजपत्रहरु थान ५७ र सो राजपत्रहरु एकीकृत गरी पुस्तकका रुपमा Binding गरिएको।
- ✓ जिल्ला समन्वय समितिको कार्यालयमा प्राप्त पुस्तकहरू राख्न पठाइएको पत्र।


# परिच्छेद: ४
## तस्विरहरू



पालिका अध्यक्षज्यू र प्रमुख प्रशासकीय अधिकृतसँगको छलफल




पालिकाद्वारा निर्मित कानुनसम्बन्धी छलफल



पालिकाद्वारा कानून अभिलेखको जानकारी लिने क्रममा छलफल



पालिकाद्वारा सञ्चालित वहुक्षत्रीय पोषण कार्यक्रम सम्बन्धमा पोषण सहजकर्तासँग छलफल




पालिकाले तर्जुमा गरेका कानुनका संग्रहहरु